मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २८ ◆ अङ्क : ७६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ माघ १९ गते बिहीबार (Thursday, February 2. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सीसी क्यामेराको रेकर्डबाट चोर पक्राउ

सुनसरी, माघ १८। सुनसरीको इटहरी उपमहानगरपालिका-६को कविर माध्यमिक बिद्यालयबाट सोमबार ल्यापटप-२ थान र टीभी १ थान चोरी गरी फरार भएका एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा धरान उपमहानगरपालिका-१५ सुनसरीका २९ बर्षीय गौतम राई रहेका छन्। चोरी गर्ने राईको सीसी व्यामेरामा चोरी गर्दै गरेको फुटेज कैद भएकोले हुलिया परिपत्र गरी खोजतलास गर्ने क्रममा इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी गस्ती टोलीले नेपाल भारतको सीमा नजिक सडकमा सामान सहित फेला पारी पक्राउ गरेको हो।

आयोडिनयुक्त नुन

थोरै खाऔं, सही मात्रामा खाऔं

झापा, माघ १८। आयोडिनयुक्त नुनको थप प्रवर्द्धन तथा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले 'फेब्रुअरी' महिनालाई 'आयोडिन मन्थ'का रुपमा विभिन्न कार्यक्रम आयोजना गरी बुधवारदेखि मनाउन थालिएको छ।

नेपाल युनिभर्सल साल्ट आयोडाइजेशनको सदस्य देश हो। नेपालमा सन् १९९८देखि 'फेब्रुअरी' महिनालाई 'आयोडिन मन्थ' का रुपमा मनाउँदै आइएको छ।

विशेषगरी साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसहित सम्बन्धित निकायका सहकार्यमा आयोडिनको कमीले हुने समस्यालाई निवारण

गर्न जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ। यस वर्षको नारा 'थोरै खाऔं, सही मात्रामा खाऔं, दुई बालबालिका चिन्ह अङ्कित आयोडिनयुक्त नुन नै खाऔं' भन्ने रहेको कर्पोरेशनले जनाएको छ। हाल आयोडिनको कमीबाट उत्पन्न विभिन्न समस्यामध्ये देखिने गलगाँड 'भिजिबल गोइटर' समुदायमा नदेखिएको कर्पोरेशनले जनाएको छ। सन् १९८६ मा देखिने गलगाँड ४४.२ प्रतिशत रहेकामा सन् २००७ मा ०.४ प्रतिशतमा झर्न सफल भएको थियो। सरकारले दिएको निर्देशन अनुसार कर्पोरेशनले आयोडिनयुक्त नुनको आपूर्ति गर्दै आएको छ।

सरकारले उचित मात्रामा आयोडिन भएको नुन उपभोग

(बाँकी अन्तिम पृष्ठमा)

स्वतन्त्र पार्टी खारेज गर्न माग

झापा, माघ १८। राष्ट्रिय स्वतन्त्र पार्टी खारेज गर्न माग गर्दै निर्वाचन आयोगमा उजुरी परेको छ।

सिन्धुलीका युवराज पौडेल सफलले बुधबार निर्वाचन आयोगमा रवि लामिछाने नेतृत्वको उक्त पार्टी खारेज गर्न माग गर्दै निवेदन दिएका हुन्।

यो पार्टी निर्वाचन आयोगमा २०७९ असार १७ गते दर्ता भएको थियो। सभापति रवि लामिछानेलाई सर्वोच्च अदालतको संवैधानिक इजलासले माघ १३ गते अनागरिक भएको ठहर गरेको, निजले दल दर्ता गर्दा एवम् सांसदको उम्मेदवार बन्दा पेश गरेको नागरिकता कानूनत: अवैधानिक रहेकोले सोही अवैधानिक नागरिकता पेश गरी रवि लामिछानेको अध्यक्षतामा बैठक बसी दल खोल्न गरेको निर्णय, निजले गरेको हस्ताक्षर समेत अवैधानिक भएको उजुरीमा लेखिएको छ।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा २१ मा राजनीतिक दलले गर्न नहुने काम सम्बन्धी उल्लेख छ। जसमा राष्ट्रविरुद्ध जासुसी गर्ने गराउने र राष्ट्रिय गोपनीयता भंग गर्ने सम्बन्धी व्यवस्था छ। रवि लामिछाने उपप्रधानसहित गृहमन्त्री भइसकेको तर संविधान अनुसार यो पद नागरिक भइसकेपछि मात्रै प्राप्त हुने भएकाले त्यसअघि नै अनागरिक रहेको अवस्थामा रविबाट राष्ट्रिय गोपनीयता भंग हुने कार्य भएको आरोप युवराजले लगाएका छन्।

राष्ट्रिय हितभन्दा बाहिर गई यस्ता कार्य भएको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी खारेज हुनुपर्ने उजुरीमा जिकिर गरिएको छ। यसअघि सर्वोच्च अदालतमा पनि युवराजले नै रिट दायर गरेका थिए। उनको रिट जारी गर्दै सर्वोच्चले रवि लामिछाने अनागरिक

(बाँकी अन्तिम पृष्ठमा)

भद्रपुर झापा गोल्डकप: सुरक्षा प्रमुखहरूसँग छलफल

बिर्तामोड, माघ १८। झापाका प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलले आसन्न भद्रपुर झापा गोल्ड कपमा शान्ति सुरक्षा तथा सुशासन कायम राख्न प्रतिबद्ध रहेको जनाएका छन्।

गोल्डकपको सचिवालय मेची रंगशालामा बुधवार भएको अन्तरक्रियामा पोखरेलले प्रतियोगिता अवधिभर सुशासनको अवस्था मजबुत बनाउन जिल्ला प्रशासन कार्यालय तत्पर रहेकोले ढुक्क रहन आयोजकलाई आश्वासन दिए।

अन्तरक्रियामा भद्रपुर नगरपालिकाका नगरप्रमुख गणेश पोखरेल, जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक दुर्गाराज रेग्मी, सशस्त्र प्रहरी बल नेपाल २ नम्बर गण झापाका सशस्त्र प्रहरी उपरीक्षक देवराज अर्याल, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका उपअनुसन्धान निर्देशक तुलसीराम प्रसाईंले आ-आफ्नो भनाइ राखेका थिए।

त्यस्तै, नेपाली सेनाका उपसेनानी प्रकाश श्रेष्ठ, झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेषराज भण्डारी, भद्रपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेककुमार रेग्मीले गोल्ड कप सफलताको शुभकामना व्यक्त गरेका थिए।

आयोजककातर्फबाट अध्यक्ष दीपेश ढकाल, वरिष्ठ उपाध्यक्ष आदित्य पराजुली, उपाध्यक्षद्वय मनोज सुब्बा, डिल्लीराम घिमिरे, महासचिव जीवनकुमार श्रेष्ठले प्रतियोगिताका बारे प्रकाश पारेका थिए।

मेची रंगशालामा हुने भद्रपुर झापा गोल्डकप यही फागुन ७ गतेदेखि १६ गतेसम्म हुँदैछ। प्रतियोगितामा नेपालका ए डिभिजन क्लबका साथै, भारत, भुटान र बंगलादेशका टिमको सहभागिता रहनेछ। प्रतियोगिताको बिजेताले नगद १३ लाख र उपबिजेता नगद ७ लाख रुपैयाँ पाउने आयोजक समितिले जनाएको छ।

डिजेलसहित ट्यांकर चोरी

सप्तरी, माघ १८। डिजेल लोड भएको ट्याङ्कर चोरी गरेको घटनामा संलग्न रहेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा डिजेल लोड भएको टयाङ्कर चोरी गरी डिजेल बेच्ने कञ्चनरुप नगरपालिका-९ बस्ने २९ वर्षीय नबराज भुजेल र चोरीको डिजेल खरिद गर्ने खडक नगरपालिका-७ घर भएका भण्डार आयल स्टोरका सञ्चालक ३५ वर्षीय श्यामकुमार साह रहेका छन्।

नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगञ्ज डिपो बाराबाट माघ ११ गते बिहान को.१ ख ३६५५ नम्बरको टयाङ्करमा २० हजार लिटर डिजेल लोड गरी नेपाल आयल निगम १ नम्बर प्रदेश प्रादेशिक कार्यालय बिराटनगरतर्फ लैजाने क्रममा टयाङ्करका चालकले माघ ११ गते साँझ कञ्चनरुप नगरपालिका-८स्थित बिकी पम्पमा पार्किङ्ग गरी आफ्नो घर गएका थिए। उक्त ट्याङ्कर चोरी भएको र माघ १५ गते बिहान शम्भुनाथ नगरपालिका-२ खैरबना भन्ने स्थानमा बेबारिसे अवस्थामा फेला परेको भन्ने खबर प्राप्त हुनासाथ खटिएको प्रहरीले टयाङ्कर जाँच

(बाँकी अन्तिम पृष्ठमा)

लेखापाल आवश्यकता

बिर्तामोडस्थित एक प्लाईउड फ्याक्ट्रीका लागि लेखापाल आवश्यक परेकाले तु-सम्पर्क राख्नुहोला।

योग्यता : बीबीएस वा सो सरह।

तलब : फ्याक्ट्रीको नियम अनुसार प्रदान गरिने छ।

नोट: लेखा सम्बन्धी राम्रो ज्ञान भएको हुनुपर्ने छ।

सम्पर्क : ९८५२६७२९९५/ ९८०१५४५३२५

हाडजोर्नी तथा नशा रोगको सफल उपचार

सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,

दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा।

दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ।

सहकारी क्षेत्रमा देखिएको जोखिम न्यूनीकरण गर्न प्रशिक्षण

झापा, माघ १८। हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड बिर्तामोडले सहकारी क्षेत्रमा देखिएको जोखिम न्यूनीकरण गर्न अपनाउनुपर्ने सावधानीका विषयमा व्यवस्थापकहरुलाई तालिम प्रदान गरेको छ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका पूर्व कोषाध्यक्ष केशव पोखरेलले सहजीकरण गरेको तालिम दुई दिनसम्म बिर्तामोडमा भएको हो। वित्तीय स्थिरताका लागि जोखिम व्यवस्थापन विषयक तालिम बिर्तामोडस्थित होटल हेभनमा आयोजना गरिएको थियो। तालिममा ३० वटा सेवा केन्द्रका व्यवस्थापकहरु र कार्यालयका समेत ८ गरी ३८ जना सहभागी रहेको सहकारीका अध्यक्ष भवानीप्रसाद दंगालले जानकारी दिए।

तालिममा भाका नाघेको कर्जाको व्यवस्थापन, लगानीयोग्य रकमको व्यवस्थापन, पल्स मनिटरिङ सिस्टम, बचतको व्यवस्थापन, तरलताको व्यवस्थापन, संस्थागत कोषको व्यवस्थापन, कमाउने र नकमाउने सम्पत्तिको व्यवस्थापन लगायतका विषयमा प्रशिक्षण प्रदान गरिएको थियो।

कार्यक्रममा लेखा समिति संयोजक कृष्णराज कटुवाल, सञ्चालक भगीरथ आले लगायतको सहभागिता रहेको थियो।

MITERI Development Bank Limited मितेरी डेभलपमेन्ट बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको ईजाजतप्राप्त संस्था)
प्रधान कार्यालय, धरान १२, महेन्द्रपथ, सुनसरी
फोन नं. ०२५-५३८३१७/५३६३१७
Email:- info@miteribank.com.np

धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सूचना

प्रथमपटक प्रकाशित २०७९/०४/११)

यस बैकका तपसिलमा उल्लेखित ऋणीले यस बैकबाट व्यक्तिगत कर्जा हायर पर्चेज कर्जा शीर्षक अर्न्तगत उपभोग गर्दै आएकोमा सो ऋण/कर्जा बापत बैकलाई बुझाउनु पर्ने साँवा व्याज वा किस्ताको रकम समयमा नबुझाइ बैकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरु उल्लंघन गरेको तथा ऋणीलाई पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत ऋणी तथा जमानीकर्ताले सोको पूर्ण वेवास्ता गरेकोले ऋणी, जमानतकर्ता लगायत ऋण/कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ताभुक्तान गर्न **मिति २०७९/०२/०६** गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना र मिति २०७९/०४/११ गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारे ३५ दिने सूचना प्रकाशित गर्दा समेत आजसम्म उक्त कर्जाको साँवा र सोमा लागेको व्याज, हर्जना आदि चुक्ता भुक्तान गर्ने तर्फ तपशिलमा उल्लेखित ऋणीले कुनै ध्यान नदिएकोले निज ऋणीहरुले लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनु हुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सुचनाद्वारा जानकारी गराएका छौं। धितोमा रहेको तपशिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति तथा संघ-संस्थाले बैंकको प्रधान कार्यलय धरान र शाखा कार्यालय सुरुङ्गास्थित कर्जा बिभागबाट प्राप्त हुने बोलपत्र फार्म रितपुर्वक भरि गोप्य शिलबन्दी बोलपत्र यो सुचना प्रकाशित भएको मितिले ७ दिन (सात) भित्र सोही कार्यालयमा बुझाउनु सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। बोलपत्र दर्ता गर्ने अन्तिम दिनको भोलिपल्ट बोलपत्र खोलिने छ। बोलपत्र दर्ता गर्न अन्तिम दिन वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने वा बोलपत्र खोलिने छ।

तपसील

सुरुङ्गा शाखा, झापा (०२३-५५२३११, ९८०२३०२७४७)

ऋणीको नाम र ठेगाना	धितोको विवरण
कर्जाको किसिम **१. व्यक्तिगत कर्जा :** ऋणीको नाम : दिल बहादुर भण्डारी बाबुको नाम : हितमान भण्डारी बाजेको नाम : मान विर भण्डारी दमक न.पा. ०३ , झापा नागरिकता नं. २४०३१।८९४ जारी मिति: २०५१।०६।३४, तेह्रथुम 	१.मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको श्री जिवन कुमारी भण्डारीको स्वामित्व भएको झापा जिल्ला सुरुङ्गा गा.वि.स. वाड नं ७ स्थित कित्ता न. २३७९ र २३८० क्षेत्रफल ०-१-० र ०-१०-० भएको जग्गा र कित्ता नं २३७९ मा बनेको १ तले पक्की घर समेत मालपोत कार्यालय भद्रपुर झापामा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको। **व्यक्तिगत जमानकर्ता** **जमानतकर्ता** नाम: जिवन कुमारी भण्डारी वाबुको नाम: गंगा बहादुर बोहोरा पतिको नाम: दिल बहादुर भण्डारी दमक न.पा. -०३ ,झापा नागरिकता नं. ४२०८१ जारी मिति: २०६०।१२।०५, तेह्रथुम

शिलबन्दी बोल पत्र बुझाउने अन्तिम मिति : २०७९।१०।२५ गते दिउंसो ४ :०० बजे सम्म
शिलबन्दी बोलपत्र बुझाउने स्थान : मितेरी डेभलपमेन्ट बैक लि. प्रधान कार्यलय, महेन्द्रपथ धरान र शाखा कर्यालय सुरुङ्गा।
शिलबन्दी बोलपत्र खोल्ने स्थान : मितेरी डेभलपमेन्ट बैक लि. शाखा कार्यालय सुरुङ्गा।
शिलबन्दी बोलपत्र खोल्ने मिति : २०७९।१०।२६
शिलबन्दी बोलपत्र खुल्ने समय : विहान ९:३० वजे
पूनश्च : ऋणि तथा जमानतकर्तालाई उल्लेखित ३५ दिनभित्र बैंकमा सम्पर्क राखि बैंकको सम्पूर्ण तिर्नूपर्ने रकम तिरी बुझाई आफ्नो सम्पत्तिको संरक्षण गर्न समेत यसै सूचनावाट जानकारी गराइन्छ।

MITERI Development Bank Limited मितेरी डेभलपमेन्ट बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको ईजाजतप्राप्त संस्था)
प्रधान कार्यालय, धरान १२, महेन्द्रपथ, सुनसरी
फोन नं. ०२५-५३८३१७/५३६३१७
Email:- info@miteribank.com.np

धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सूचना

प्रथमपटक प्रकाशित २०७९/०२/१०)

यस बैकका तपसिलमा उल्लेखित ऋणीले यस बैकबाट व्यक्तिगत कर्जा हायर पर्चेज कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएकोमा सो ऋण/कर्जा बापत बैकलाई बुझाउनु पर्ने सावा व्याज वा किस्ताको रकम समयमा नबुझाइ बैकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरु उल्लंघन गरेको तथा ऋणीलाई पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत ऋणी तथा जमानीकर्ताले सोको पूर्ण वेवास्ता गरेकोले ऋणी, जमानतकर्ता लगायत ऋण/कर्जा संग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ताभुक्तान गर्न मिति २०७८/११/२३ गतेको ब्लाष्ट राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना र मिति २०७९/०२/१० गतेको ब्लाष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारे ३५ दिने सूचना प्रकाशित गर्दा समेत आजसम्म उक्त कर्जाको सावा र सोमा लागेको व्याज, हर्जना आदि चुक्ता भुक्तान गर्नेतर्फ तपशिलमा उल्लेखित ऋणीले कुनै ध्यान नदिएकोले निज ऋणीहरुले लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोहि अवस्थामा शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने हुदा इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनु हुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सूचनाद्वारा जानकारी गराएका छौं। धितोमा रहेको तपशिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति तथा संघ-संस्थाले बैंकको प्रधान कार्यलय धरान र शाखा कार्यालय सुरुङ्गास्थित कर्जा बिभागबाट प्राप्त हुने बोलपत्र फार्म रितपूर्वक भरी गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन (सात) भित्र सोही कार्यालयमा बुझाउनु सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। बोलपत्र दर्ता गर्ने अन्तिम दिनको भोलिपल्ट बोलपत्र खोलिने छ। बोलपत्र दर्ता गर्न अन्तिम दिन वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगतै बैक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने वा बोलपत्र खोलिने छ।

तपसील

सुरुङ्गा शाखा, झापा (०२३-५५२३११, ९८०२३०२७४७)

ऋणीको नाम र ठेगाना	धितोको विवरण
कर्जाको किसिम **१. सवारी कर्जा** ऋणी/व्यवसायको नाम : बुद्ध सप्लायर्स (प्रो. तेज बहादुर श्रेष्ठ), कन्काई नगरपालीका झापामा द.नं. ४८६६ मिति २०७७।०३।२१ र आन्तरिक राजश्व कार्यालय, झापाको स्थायी पान नं. ६१३३३९८५४ मिति २०७७।०४।०२ मा दर्ता भई कन्काई न.पा. वडा नं.-२ ,झापामा रहेको। **२. व्यक्तिगत कर्जा** नाम: तेज बहादुर श्रेष्ठ बाबुको नाम: धन नारायण श्रेष्ठ बाजेको नाम:: नर बहादुर श्रेष्ठ कन्काई नगरपालिका- २ ,झापा नागरिकता नं. ९१५२२४६५ जारी मिति: २०५५।०५।३०, झापा 	१. मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको श्री तेज बहादुर श्रेष्ठको स्वामित्व भएको कि.न. १२३६ क्षेत्रफल ०-४-० झापा सुरुङ्गा-८ स्थित जग्गा मालपोत कार्यालय भद्रपुर झापामा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको। २. यातायात व्यवस्था कार्यालय बिर्तामोड झापामा दर्ता रहेको प्र ०१-०१-००१त ८१७० नम्बरको इन्जीन नं. 3102IL93J884379 र चेसीस नं KZCSS884965S3 भएको ट्रयाक्टर बैंकको नाममा पास । **व्यक्तिगत जमानकर्ता** **जमानतकर्ता** १. नाम: मनु श्रेष्ठ वाबुको नाम: हरी कुमार राई पतिको नाम: तेज बहादुर श्रेष्ठ कन्काई नगरपालिका-२ ,झापा नागरिकता नं. ०४३०३१।१८८४ जारी मिति: २०६३।११।२४,झापा २. नाम: तेज बहादुर श्रेष्ठ बाबुको नाम: धन नारायण श्रेष्ठ बाजेको नाम:: नर बहादुर श्रेष्ठ कन्काई नगरपालिका-२ ,झापा नागरिकता नं. ९१५२२४६५ जारी मिति: २०५५।०५।३०,झापा

शिलबन्दी बोल पत्र बुझाउने अन्तिम मिति : २०७९।१०।२५ गते दिउंसो ४ :०० बजे सम्म
शिलबन्दी बोलपत्र बुझाउने स्थान : मितेरी डेभलपमेन्ट बैक लि. प्रधान कार्यलय, महेन्द्रपथ धरान र शाखा कर्यालय सुरुङ्गा।
शिलबन्दी बोलपत्र खोल्ने स्थान : मितेरी डेभलपमेन्ट बैक लि. शाखा कार्यालय सुरुङ्गा।
शिलबन्दी बोलपत्र खोल्ने मिति : २०७९।१०।२६
शिलबन्दी बोलपत्र खुल्ने समय : विहान ९:३० वजे
पूनश्च : ऋणि तथा जमानतकर्तालाई उल्लेखित ३५ दिनभित्र बैंकमा सम्पर्क राखि बैंकको सम्पूर्ण तिर्नूपर्ने रकम तिरी बुझाई आफ्नो सम्पत्तिको संरक्षण गर्न समेत यसै सूचनावाट जानकारी गराइन्छ।

स्वतन्त्र ...

रहेको ठहर गरेको थियो । यसअघि उनले अध्यागमन विभाग र प्रहरी परिसर काठमाडौंमा पनि रविलाई कारबाही गर्न माग गर्दै निवेदन दिएका थिए । तर, दुवै निकायले निवेदन दर्ता गर्न अस्वीकार गरेका छन् ।

डिजेल ...

गर्दा टयाङ्करको ५ वटा च्याम्बरमा रहेको २० हजार लिटर डिजेलमध्ये १६ हजार लिटर चोरी भएको अवस्थामा फेला पारेको थियो ।

घटनाको आवश्यक अनुसन्धानको क्रममा नेपाल आयल निगम १ नम्बर प्रदेश प्रादेशिक कार्यालय बिराटनगरका कर्मचारी तथा नेपाल प्रहरी समेतको संयुक्त टोलीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो ।

नबराज भुजेल समेतले माघ १४ गते राति पार्किङ्ग गरेको स्थानबाट डिजेल लोड भएको टयाङ्कर चोरी गरी १६ हजार लिटर डिजेल बिक्री गरेको र श्यामकुमार साहले चोरी भएको डिजेल खरिद गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ । उनीहरू उपर चोरी मुद्दा शीर्षकमा अदालतबाट म्याद थप अनुमति लिई प्रहरीबाट थप अनुसन्धान कार्य भइरहेको छ ।

थोरै ...

गर्ने घर संख्या शत्प्रतिशतमा पुऱ्याउने नीति लिएको छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को सर्वे अनुसार हाल ९१.० प्रतिशत घरपरिवारले उपयुक्त मात्रामा आयोडिन भएको नुन उपभोग गरिरहेका छन् ।

यसैगरी सन् २०१६को नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणका अनुसार ९४.५ प्रतिशत ५ वर्षमुनिका बालबालिकाले उपयुक्त मात्रामा आयोडिन भएको नुन उपभोग गरेका छन् । अतः यस उपलब्धिलाई जोगाइराख्न सम्बन्धित सबै निकायहरुले ध्यान दिनु जरुरी देखिएको छ- कर्पोरेशनद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तिमा कर्पोरेशनले आयोडिनको कमीबाट हुने शारीरिक एवम् मानसिक कमजोरीका विषयमा जनचेतनामूलक कार्यक्रमबाट जानकारी दिन शिक्षक, विद्यार्थी, स्वास्थ्यकर्मी तथा जनसमुदायहरुलाई क्रमशः स्वास्थ्य संस्था, विद्यालयमा कार्यक्रम, हाटबजारमा माइकिङ, चेतनामूलक सामग्री वितरण, प्रदर्शनी कक्ष राख्ने, जस्ता गतिविधि महिनाभर सञ्चालन गर्ने जनाएको छ ।

सरकारले देशभर आयोडिनयुक्त नुनको आपूर्तिको जिम्मेवारी कर्पोरेशनलाई दिएको छ । कर्पोरेशनले ग्रामीणस्तरसम्म आयोडिन सम्बन्धी चेतनामूलक गतिविधिका साथै दुई बालबालिका चिन्ह अङ्कित 'पाकेट' नुन शुलभ मूल्यमा बिक्री वितरण तथा जनचेतनाका कार्यक्रम सञ्चालन गर्दै आएको छ । विगत ५९ वर्षदेखि कर्पोरेशनले नुनको आपूर्ति गर्दै आएको छ । आयो, न्यू शक्ति, तेज र भानु नुन प्याकेटमा बिक्री गर्दै आएको कर्पोरेशनले वार्षिक दुई लाख मेट्रिक टन नून कारोबार गर्ने जनाएको छ । सोही अवसरमा आयोडिन सम्बन्धी चेतनामूलक सन्देश लेखिएको सपिङ झोला, स्कुल झोला, टी-सर्ट तथा पम्प्लेट जस्ता सामग्री वितरण गर्न विभिन्न विद्यालय तथा हाट बजारमा टोली खटाइने कर्पोरेशनले जनाएको छ । ती टोलीले ती स्थानमा उक्त अवसरमा आयोडिनको महत्वबारे जनचेतना जगाउन कार्यक्रम सञ्चालन गर्नेछन् ।

बिमालेख हरायो

बिर्तामोडबाट भद्रपुर जाने क्रममा यही मिति २०७९/०९/१० गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- बाशुदेव कोइराला
ठेगाना:- भद्रपुर-१०, झापा
साविक ठेगाना: चन्द्रगढी-२, झापा
पोलेसी नं.:- २२१३०९४४
कम्पनी नाम: नेपाल लाइफ इन्स्योरेन्स क.
सम्पर्क: ९८५२६७८८०१

कर्मचारी आवश्यकता

यस कम्पनीलाई निम्न अनुसारका कर्मचारी आवश्यकता भएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

पद: P.R.O- ६ जना
(समय ११देखि ५ बजेसम्म)
योग्यता: +२ वा सो सरह
तलब: १५१०० सम्म
नोट: जीवन बीमा र बोनसको व्यवस्था छ ।

सम्पर्क: G.F.M. को कार्यालय भद्रपुर बस स्टेण्ड
(NMC सहकारी छेऊ)
Mob: 9814397340, 9842447160

शिवसताक्षी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय
व्याङडाँडा झापा, प्रदेश नम्बर १ नेपाल

सँधियारका नाममा जारी गरिएको सात दिने सूचना

झापा शिवसताक्षी नगरपालिका वडा नम्बर ११ को कित्ता नम्बर २५३४१ को जवि ०-१-०-० मा श्री निशा बेघाले १ तले भवन निर्माण गरी पाउँ भनी यस नगरको घर जग्गा नक्सा शाखामा मिति २०७९ साल पुस २८ गते निवेदन तथा घर नक्सा पेश गर्नुभएकोले यसअघि १५ दिने सूचना टाँस गरिएको र उक्त अवधिमा तपाई पश्चिमतर्फको सुवर्ण भट्टराई हाल उपलब्ध नहुनुभएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१ को उपदफा (क) प्रयोजनका लागि उपस्थित हुन पुनः यो सूचना प्रकाशित गरिएको छ । यस अवधिमा पनि उपस्थित नभए कानून अनुसार भइजाने व्यहोरा जानकारीका लागि अनुरोध छ ।

शिवसताक्षी नगरपालिका घर नक्सा शाखा

MITERI Development Bank Limited मितेरी डेभलपमेन्ट बैंक लिमिटेड

Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको ईजाजतप्राप्त संस्था)
प्रधान कार्यालय, धरान १२, महेन्द्रपथ, सुनसरी
फोन नं. ०२५-५३८३१७/५३६३१७
Email:- info@miteribank.com.np

धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गर्ने बारेको ३५ दिने सूचना

प्रथमपटक प्रकाशित २०७९/१०/१९)

यस बैकका तपसिलमा उल्लेखित ऋणीले यस बैकबाट व्यक्तिगत कर्जा हायर पर्चेज कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएकोमा सो ऋण/कर्जा बापत बैकलाई बुझाउनु पर्ने साँवा व्याज वा किस्ताको रकम समयमा नबुझाइ बैकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरु उल्लंघन गरेको तथा ऋणीलाई पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत ऋणी तथा जमानीकर्ताले सोको पूर्ण वेवास्ता गरेकोले ऋणी, जमानतकर्ता लगायत ऋण/कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता-भुक्तान गर्न **मिति २०७९/०५/०७ गतेको** पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आजसम्म उक्त कर्जाको साँवा र सोमा लागेको व्याज, हर्जना आदि चुक्ता भुक्तान गर्नेतर्फ तपशिलमा उल्लेखित ऋणीले कुनै ध्यान नदिएकोले निज ऋणीहरुले लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो जमानत दिनु हुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सुचनाद्वारा जानकारी गराएका छौं । धितोमा रहेको तपशिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति तथा संघ-संस्थाले बैंकको प्रधान कार्यालय धरान र शाखा कार्यालय सुरुङ्गास्थित कर्जा बिभागबाट प्राप्त हुने बोलपत्र फार्म रितपूर्वक भरी गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिन (पैतीस) भित्र सोही कार्यालयमा बुझाउनु सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । बोलपत्र दर्ता गर्ने अन्तिम दिनको भोलिपल्ट बोलपत्र खोलिने छ । बोलपत्र दर्ता गर्न अन्तिम दिन वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगतै बैक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने वा बोलपत्र खोलिने छ ।

तपसील
सुरुङ्गा शाखा, झापा (०२३-५५२३११, ९८०२३०२७४७)

ऋणीको नाम र ठेगाना	धितोको विवरण
कर्जाको किसिम **१. विपन्न कर्जा :** **ऋणीको नाम :** राधा तिवारी वाबुको नाम: सोम राज तिवारी पतिको नाम: विपिन चन्द्र आचार्य कन्काई न.पा.-३, झापा नागरिकता नं. ५२३२११४ जारी मिति २०४६।०१।२०, झापा 	१) मालपोत कार्यालय भद्रपुर झापा मा दर्ता कायम रहेको श्री विपिन चन्द्र आचार्यको स्वामित्व भएको झापा जिल्ला, सुरुङ्गा गा.वि.स वाडु नं. ५ स्थित कित्ता नं. ४९७ क्षेत्रफल ०-०-४ भएको जग्गा र उक्त जग्गामा बनेको १ तले पक्की घर समेत, मालपोत कार्यालय भद्रपुर झापामा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको । **व्यक्तिगत जमानकर्ता** **जमानतकर्ता** नाम: विपिन चन्द्र आचार्य वाबुको नाम: भुमिराज आचार्य बाजेको नाम: हरि प्रसाद आचार्य कन्काई न.पा.-३, झापा नागरिकता नं. ५१५२२३४१ जारी मिती: २०४२।०१।१७, झापा

शिलबन्दी बोल पत्र बुझाउने अन्तिम मिति : २०७९।११।२४ गते दिउंसो ४ :०० बजे सम्म
शिलबन्दी बोलपत्र बुझाउने स्थान : मितेरी डेभलपमेन्ट बैक लि. प्रधान कार्यलय, महेन्द्रपथ धरान र शाखा कर्यालय सुरुङ्गा ।
शिलबन्दी बोलपत्र खोल्ने स्थान : मितेरी डेभलपमेन्ट बैक लि. शाखा कार्यालय सुरुङ्गा ।
शिलबन्दी बोलपत्र खोल्ने मिति : २०७९।११।२५
शिलबन्दी बोलपत्र खुल्ने समय : विहान १०:३० वजे
पूनश्च : ऋणी तथा जमानतकर्तालाई उल्लेखित ३५ दिनभित्र बैंकमा सम्पर्क राखि बैंकको सम्पूर्ण तिर्नुपर्ने रकम तिरी बुझाई आफ्नो सम्पत्तिको संरक्षण गर्न समेत यसै सूचनावाट जानकारी गराइन्छ ।

जग्गा बिक्रीमा

अर्जुनधारा-७ रमाइलो वस्तीमा रहेको ५ कठ्ठा जग्गा तु- विक्रीमा रहेको छ । मूल्य: ३५,००,०००।-
सम्पर्क :- ९८१५०१४६४७

MITERI Development Bank Limited मितेरी डेभलपमेन्ट बैंक लिमिटेड

Banking and beyond

(नेपाल राष्ट्र बैंकबाट "ख" बर्गको ईजाजतप्राप्त संस्था)
प्रधान कार्यालय, धरान १२, महेन्द्रपथ, सुनसरी
फोन नं. ०२५-५३८३१७/५३६३१७
Email:- info@miteribank.com.np

धितोमा रहेको अचल सम्पत्ति शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गर्ने बारेको ३५ दिने सूचना

प्रथमपटक प्रकाशित २०७९/१०/१९)

यस बैकका तपसिलमा उल्लेखित ऋणीले यस बैकबाट व्यक्तिगत कर्जा हायर पर्चेज कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएकोमा सो ऋण/कर्जा बापत बैकलाई बुझाउनु पर्ने साँवा व्याज वा किस्ताको रकम समयमा नबुझाइ बैकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरु उल्लंघन गरेको तथा ऋणीलाई पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत ऋणी तथा जमानीकर्ताले सोको पूर्ण वेवास्ता गरेकोले ऋणी, जमानतकर्ता लगायत ऋण/कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता-भुक्तान गर्न **मिति २०७८/१२/०९** गतेको पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत आजसम्म उक्त कर्जाको साँवा र सोमा लागेको व्याज, हर्जना आदि चुक्ता भुक्तान गर्नेतर्फ तपशिलमा उल्लेखित ऋणीले कुनै ध्यान नदिएकोले निज ऋणीहरुले लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिल बमोजिमको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलबन्दी बोलपत्रमार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । धितो जमानत दिनु हुने महानुभावहरुलाई पनि धितो सुरक्षणमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गरिने बारे यसै सूचनाद्वारा जानकारी गराएका छौं । धितोमा रहेको तपशिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति तथा संघ-संस्थाले बैंकको प्रधान कार्यलय धरान र शाखा कार्यालय सुरुङ्गास्थित कर्जा बिभागबाट प्राप्त हुने बोलपत्र फार्म रितपूर्वक भरी गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ३५ दिन (पैतीस) भित्र सोही कार्यालयमा बुझाउनु सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । बोलपत्र दर्ता गर्ने अन्तिम दिनको भोलिपल्ट बोलपत्र खोलिने छ । बोलपत्र दर्ता गर्न अन्तिम दिन वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगतै बैक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने वा बोलपत्र खोलिने छ ।

तपसील
सुरुङ्गा शाखा, झापा (०२३-५५२३११, ९८०२३०२७४७)

ऋणीको नाम र ठेगाना	धितोको विवरण
कर्जाको किसिम **१. व्यापार आवधिक कर्जा** ऋणी/व्यवसायको नाम : गौरी पसल (प्रो. गौरी मण्डल), बाणिज्य बिभाग झापामा द.नं. ४५४।९८३४ मिति २०७४।०२।२९ र आन्तरिक राजश्व कार्यालय, झापाको स्थायी पान नं. ३००७१५८२८ मिति २०५८।०९।२९ मा दर्ता भई झापा गा.पा. बडा नं.-४ ,झापामा सञ्चालनमा रहेको । **प्रोपाईटर/ जमानत कर्ता** नाम: गौरी मण्डल बाबुको नाम: खुसिलाल मण्डल बाजेको नाम:: राम कृष्ण मण्डल झापा गाउँपालिका-४ ,झापा नागरिकता नं. ५१३७७८४४ जारी मिति: २०५६।०१।१५, झापा 	१. मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको श्री खुसिलाल मण्डलको स्वामित्व भएको कि.न. १५१ क्षेत्रफल ७१४०.०० बर्ग मि. र गौरी मण्डलको स्वामित्व भएको कि.न. २१० क्षेत्रफल ६७७.२६ बर्ग. मि. झापा कुमरखोद १ र टाघनडुब्बा-२स्थित जग्गा मालपोत कार्यालय भद्रपुर झापामा दृष्टिबन्धक रजिष्ट्रेशन पास गरिएको । **व्यक्तिगत जमानकर्ता** **जमानतकर्ता** नाम: दुर्गादेवी मण्डल वाबुको नाम: वासु देव मण्डल पतिको नाम: गौरी मण्डल झापा गाउँपालिका-४ ,झापा नागरिकता नं. ०४०३०३७।२०२ जारी मिति : २०६३।१२।२२,झापा **जमानतकर्ता** नाम: : खुसिलाल मण्डल वाबुको नाम: राम कृष्ण मण्डल बाजेको नाम: मंगल मण्डल झापा गाउँपालिका-४ ,झापा नागरिकता नं. ५१३७२०६४ जारी मिति: २०५२।११।०६, झापा

शिलबन्दी बोल पत्र बुझाउने अन्तिम मिति : २०७९।११।२४ गते दिउंसो ४ :०० बजे सम्म
शिलबन्दी बोलपत्र बुझाउने स्थान : मितेरी डेभलपमेन्ट बैक लि. प्रधान कार्यलय, महेन्द्रपथ धरान र शाखा कर्यालय सुरुङ्गा ।
शिलबन्दी बोलपत्र खोल्ने स्थान : मितेरी डेभलपमेन्ट बैक लि. शाखा कार्यालय सुरुङ्गा ।
शिलबन्दी बोलपत्र खोल्ने मिति : २०७९।११।२५
शिलबन्दी बोलपत्र खुल्ने समय : विहान १०:३० वजे
पूनश्च : ऋणी तथा जमानतकर्तालाई उल्लेखित ३५ दिनभित्र बैंकमा सम्पर्क राखि बैंकको सम्पूर्ण तिर्नुपर्ने रकम तिरी बुझाई आफ्नो सम्पत्तिको संरक्षण गर्न समेत यसै सूचनावाट जानकारी गराइन्छ ।

श्री मेचीनगर बचत तथा ऋण सहकारी संस्था लि., मेचीनगर नगरपालिका-९, धुलाबारी झापा

कर्जा बुझाउने बारेको ३५ दिने सूचना

प्रथमपटक प्रकाशित मिति २०७९/१०/१८

यस मेचीनगर बचत तथा ऋण सहकारी संस्था लि. बाट बिभिन्न समयमा बिभिन्न शीर्षकमा लिएको कर्जाको तपशिलमा उल्लेख भएका शेयर सदस्यहरुले कर्जा लिए बापत बुझाउनु पर्ने साँवा, व्याज, हर्जना समेतको किस्ता रकम म्यादभित्र नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लघंन गरेको र बारम्बार लिखित तथा मौखिक ताकेता साथै व्यक्तिगत सम्पर्क गरी कर्जा तिर्न जानकारी गराउँदा समेत कर्जा तिर्न वास्ता नगरेको हुँदा मिति २०७९/१०/०८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कर्जा बुझाउने बारेको ३५ दिने यो सूचना प्रकाशित गरिएको छ । आजका मितिले ३५ दिनभित्रमा संस्थामा बुझाउनुपर्ने साँवा, ब्याज, हर्जना समेतको रकम चुक्ता गर्न आउनु होला । अन्यथा सहकारी ऐन २०७४ सहकारी नियमावली २०७५ संस्थाको स्वीकृत बिनियम २०६४ तथा संस्थाको ऋण नीति २०६६ तथा संशोधित ऋण नीति २०७५ बमोजिम असुल उपर गरिने समेत जानकारी गराइन्छ ।

क्र.स.	ऋणीको नाम थर	ठेगाना	बुवा	बाजे /पति	जग्गाधनीको नाम	जग्गाको ठेगाना	कित्ता नं.	क्षेत्रफल
१	इश्वरा आड्दम्बे	बिर्तामोड-०३	हर्कबहादुर आडदम्बे	अमृतबहादुर आडदम्बे	इश्वरा आड्दम्बे	साबिक अनारमनी-८	४८४	१२४.८६ ब.मि.
२	शान्ता लिम्बू	अर्जुनधारा-११	तिलबहादुर लिम्बु	कृष्णबहादुर लिम्बू	शान्ता लिम्बू	साबिक शनिश्चरे-०७	७२१९, ६३३५	०-०-४, ०-०-२
३	कुबेर प्रसाद भट्टराई	बितामोड-०४	जयरुद्र भट्टराई	कपिलमनि भट्टराई	सीतादेबी भट्टराई	साबिक नकलबन्दा-५	१८८८, १८८९	०-२-१०, ०-५-०
४	कृष्ण लिम्बू कंलिवा	अर्जुनधारा-११	जगत राम लिम्बू	मनप्रसाद लिम्बू	शान्ता लिम्बू	साबिक दुवागडी-०८	१९१४	०-१-०
५	भीम कुमारी बेघा	मेचीनगर-०९	रणबहादुर लिम्बू	बलबहादुर बेघा	भीमकुमारी बेघा	साबिक धुलाबारी-३	२८२४	०-२-८
६	दाता राम कुमाल	बुद्धशान्ति-०५	दुर्गाबहादुर कुमाल	रत्नलाल कुमाल	दाताराम कुमाल	साबिक शान्तिनगर-०४	९८५	०-८-०
७	पासाङ तामाङ	मेचीनगर-०९	खड्गबहादुर तामाङ	जितबहादुर तामाङ	पासाङ तामाङ	साबिक धुलाबारी-३	[redacted]	[redacted]
८	कमला कुमर	मेचीनगर-०९	[redacted]	[redacted]	[redacted]कुमर	साबिक धुलाबारी-१	[redacted]	[redacted]
९	रमेशकुमार आचार्य	मेचीनगर-०९	[redacted]	[redacted]	[redacted]मार आचार्य	साबिक धुलाबारी-१	[redacted]	[redacted]
१०	हरिराम श्रेष्ठ	मेचीनगर-१०	[redacted]	[redacted]	[redacted] श्रेष्ठ	साबिक धुलाबारी-८	[redacted]	[redacted]
११	रामलगन चौधरी	बुद्धशान्ति-०५	[redacted]	[redacted]	[redacted]न चौधरी	साबिक शान्तिनगर-०३	[redacted]	[redacted]

मेचीनग[redacted]संस्था लि., मेचीनगर-९,

भावपूर्ण श्रद्धाञ्जली/समवेदना

यौटा सृष्टि विधान रचेर किन हो, जाँदा यहाँ कष्ट भो । रोजी फूल थियो झऱ्यो नियतीले, संहार भो नष्ट भो ।।
हामीलाई दिएर मार्ग पथको, यात्रा सिकाई दियौ । हामीवाट कसोरी झट्ट अहिले, विदा नमागी गयौ ।।

जन्म
वि.सं. २०३९।०३।०६

स्वर्गारोहण
वि.सं. २०७९।०९।१४

स्व. निराकार पाण्डे

बिर्तामोड नगरपालिका वडा नं. १का वडाध्यक्ष तथा नगरपालिकाका प्रवक्ता तथा हाम्रा अनन्य शुभचिन्तक, अग्निप्रसाद पाण्डेका छोरा **निराकार पाण्डे (विपिन)** को गत पुस १४ गते कम्बोडियाको होटलमा भएको आगलागीमा परी अकल्पनीय रुपमा निधन भएको घटनाले हामीलाई स्तब्ध एवम् मर्माहत बनाएको छ ।

दुःखको यस क्षणमा उहाँको दिव्यआत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै आफ्ना प्रियजन तथा अभिभावकसँगको चिरबियोगको पीडादायी क्षणमा रहनु भएका उहाँका आमाबुबा : लीलादेवी-अग्निप्रसाद पाण्डे, दशगात्र कर्ममा रहनुभएका उहाँका दाजु देवीप्रसाद पाण्डे (दीपक), श्रीमती शशिकला लोहनी पाण्डे, छोरा आर्मनशुभ पाण्डे, दाजुभाउजु: निरज-सुमना टुमा पाण्डे, भाइबुहारी निश्चल-चन्द्रकला (संगीता) पाण्डे, निराजन पाण्डे-दीपा आचार्य पाण्डे, भतिजभतिजी स्वस्तिका टिएन पाण्डे, आर्या पाण्डे, सार्थक पाण्डे, आरभ पाण्डेलगायत समस्त शोकाकुल पाण्डे परिवारजनमा शोक सहन गर्ने क्षमता भगवान पशुपतिनाथले प्रदान गरुन् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

गोपालकुमार बस्नेत: अध्यक्ष

- पूर्ण-टुङ्ग बिर्तासिटी हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.
- बाल्मीकि एजुकेशन फाउण्डेशन
- ग्रिनफिल्ड वर्ल्ड स्कूल तथा परिवार

बिर्तामोड-१, झापा

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा म[redacted]क : भरतलाल गिरी, ■ अध्यक्ष : टो[redacted]कान्त ढक[redacted]न सहयोगी : भानुप्रसाद शिवाको
■ अनलाइन संयोजक : नरेन्द्र ढ[redacted] डेस्क सम्पादक : लक्ष्मण ढकाल [redacted]कार्यका[redacted]0) ■ बजार व्यवस्थापक
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक [redacted]-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६[redacted]ा/ सन्तो[redacted]विज्ञापन : ०२३-५३००४४) Ema[redacted]

पूर्वाञ्चल

सम्पादकीय

असफल राष्ट्र हुनबाट जोगाऔं

ट्रान्सपरेन्सी इन्टरनेशनलले प्रत्येक वर्ष भ्रष्टाचार सम्बन्धी अवधारणाको सर्वेक्षण सार्वजनिक गर्दै आएको छ । विश्वका एक सय अस्सी देशमा गरिने गरेको सर्वेक्षणमा तेह्र वटा अन्तर्राष्ट्रिय संस्थाको सर्वेक्षणलाई आधार मान्ने गरेको भए पनि नेपालमा छ वटा संस्थाको सर्वेक्षणलाई आधार मानिएको थियो । ट्रान्सपरेन्सीले सन् २०२२ को सर्वेक्षणको प्रतिवेदन सार्वजनिक गर्दै नेपाल भ्रष्टचारको सूचीको एक सय दशौं स्थानमा रहेको जनाएको छ । गत वर्षको तुलनामा यो वर्ष भ्रष्टाचार सम्बन्धी अवधारणा सूचकांकमा केही सुधार भएको प्रतिवेदन मंगलबार सार्वजनिक भएको थियो । भ्रष्टाचारका मामिलामा देखिएको सुधारका पछि यो वर्ष आयात–निर्यातमा कमी नै मुख्य कारण रहेको ट्रान्सपरेन्सीका पदाधिकारीहरुले जनाएका छन् ।

जनअधिकारको प्रत्याभूति, भ्रष्टाचारमुक्त प्रशासन, सामाजिक तथा आर्थिक रुपान्तरण र भौतिक विकास तथा समृद्धिको प्रतिबद्धता जनाएका राजनीतिक दलहरु केवल सत्ता स्वार्थका पछि दौडिएका कारण देश अधोगतिमा हिँड्न बाध्य भएको छ । सरकारमा पुगेका दलहरु उही कार्यशैली, उस्तै प्रवृत्ति, पद्धति, संस्कार, संस्कृतिमा रमाउन थालेपछि जनताको परिवर्तनको सपना पनि सपनामै सीमित हुन पुगेको छ । जनताले जहिल्यै सुशासन, समृद्धि र आर्थिक विकासको आशामा निर्वाचनमा मतदान मात्रै गरिरहे । सुशासनका लागि आवश्यक पर्ने कुशल सार्वजनिक सेवा, विश्वसनीय न्यायीक प्रणाली र जनताप्रति उत्तरदायी प्रशासन दलहरुको प्रतिबद्धतामा सीमित रह्यो । सरकार यदि सुशासनको पक्षमा छ भने उसले जनताको स्वामित्व, सार्वजनिक उत्तरदायित्व, पारदर्शिता र कार्यकुशलता बढाउनुपर्छ । यसका लागि प्रचलित कानून, नीति तथा कार्यशैलीमा व्यापक सुधार गर्नुपर्छ । विद्यमान असंगतपूर्ण अवस्था, ढिलासुस्ती, तहगत जटिलता, अस्पष्ट कार्य विभाजन जस्तो अप्ठ्याराहरुलाई हटाउनु पर्दछ ।

सुशासनका लागि सरकार, नागरिक समाज, निजी क्षेत्र, राजनीतिक दल तथा स्थानीय र प्रदेश सरकार पनि जिम्मेवार हुनुपर्छ । ट्रान्सपरेन्सीले यो वर्ष प्रकाशित गरेको तथ्यांकले नेपाली अझै पनि भोक, रोग र शोकबाट ग्रसित छन् भन्ने देखाएको छ । यसबाट मुक्ति पाउन भ्रष्टाचारप्रति शून्य सहनशीलता नै एकमात्र प्रभावशाली उपाय हो । नेपालमा गाँजिएको भ्रष्टाचार तथा सार्वजनिक पदको दुरुपयोगको कु–संस्कृतिलाई नहटाउञ्जेल नेपाली जनताले सुशासनको अनुभूति गर्न पाउने छैनन् । भ्रष्टाचार ठूलो अपराध हो जसले बहुप्रतिक्षित विकास र समृद्धिलाई छेउ आउन दिंदैन । यो नै सुशासनको विरोधी र बाधक पनि हो र मानवताबिरुद्धको अपराध पनि । यसलाई समयमै नियन्त्रण गर्न नसकिए मुलुकलाई असफल बनाउँछ । त्यसैले यसको अन्त्यका लागि समाजका सबै वर्ग, समूह, संस्था र जिम्मेवार पदाधिकारीहरुमा समान अग्रसरता र सचेतता चाहिन्छ ।

लागूऔषधसहित सात जना नियन्त्रणमा

विराटनगर, माघ १८। झापा, मोरङ र उदयपुरको छुट्टाछुट्टै स्थानबाट प्रतिबन्धित लागूऔषध ब्राउनसुगर र निषेधित औषधिसहित सात जनालाई प्रहरीले पक्राउ गरेको छ ।

लागूऔषधसहित पक्राउ पर्नेहरुमा बिर्तामोड नगरपालिका-९ का २२ बर्षीय अर्जुन आले र ३८ बर्षीय कृष्ण लिम्बूलाई इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले चेक जाँचको क्रममा एक ग्राम ब्राउनसुगरसहित पक्राउ गरेको हो ।

त्यस्तै लागूऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले मोरङको विराटनगर-१६ मा भारतबाट नेपालतर्फ शंकास्पद अवस्थामा आउँदै गरेका पैदलयात्री धरान-१३ का २० बर्षीय शुक्र भुजेल, २१ बर्षीय पवन अधिकारीलाई चेकजाँच गर्दा उनीहरुको साथबाट निषेधित औषधि लुपिजेसिक, एभिल, फेनारगन र डाईजोपामसहित एक सय ४० एम्पुल बरामद गरेको हो ।

त्यसैगरी उदयपुरको प्रहरी चौकी बसाहबाट खटिएको प्रहरी टोलीले चौदण्डीगढी नगरपालीका-४ स्थितमा चेकजाँचको क्रममा बेलका नगरपालिका-३ का २० बर्षीय बिशाल तामाङ, २४ बर्षीय प्रदिप तामाङ र २१ बर्षीय उमेश खत्रीलाई नाइट्राभेट ३२ ट्याव्लेटसहित पक्राउ गरेको हो ।

पक्राउ परेका उनीहरुको सम्बन्धित प्रहरी कार्यालयबाट थप अनुसन्धान भइरहेको १ नं. प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

संसद् र वित्तीय जवाफदेहिता

गोपीनाथ मैनाली

जनताको साधनमाथि जनताको स्वीकृति र जनताकै निगरानी गर्ने विषय युरोपमा भएको संसद् र राजाबीचको लामो सङ्घर्षको परिणाम थियो । सन् १२१५ देखि नै बेलायतमा शासन प्रणाली जनमुखी बनाउन बहस, आन्दोलन र विचार विमर्श भइरहेको थियो । जनताका नाममा गरिएको घोषणा मेग्नाकार्टाले ठूलो परिणाम देखाउन पुग्यो । १३४० देखि सार्वजनिक आय र खर्चमा संसद्ले चाख राख्न थाल्यो र एक वर्षपछि राजा एडवर्ड तृतीय संसद्को स्वीकृतिमा मात्र कर उठाउन र खर्च गर्न सहमत भए । १७३३ मा सर वालपोलले संसद्मा पहिलो बजेट पेस गरेर सार्वभौम जनताको स्वीकृतिमा मात्र सरकारको आय र व्ययका क्रियाकलाप गर्ने वैधानिक पद्धति बसालियो । पछिल्ला दिनमा लोकतान्त्रिक मुलुकका संसद्ले पर्स कन्ट्रोलका विभिन्न उपाय अवलम्बन गर्दै आएका छन् ।

लोकतन्त्र संस्थागत हुने क्रमसँगै वित्तीय व्यवस्थापनमा संसदीय संलग्नता बढेर गएको छ । वित्तीय व्यवस्थापन अन्तर्गत सरकारी प्राप्ति, खर्च र यी कार्यलाई व्यवस्थित गर्ने नीति, विधि र प्रक्रिया पर्छन् । वित्तीय व्यवस्थापन जति सबल, पारदर्शी, नतिजामूलक र मान्य सिद्धान्त अनुरूप भयो, राज्य प्रणाली त्यति नै जवाफदेही हुन्छ । आजभोलि शासकीय सुधारको केन्द्रबिन्दुमा वित्तीय व्यवस्थापन रहँदै आएको छ । जनादेश संसद्मा रहने भएकाले बजेट मार्फत आम्दानी एवं खर्च गर्ने कामको अन्तिम टुङ्गो लाग्ने गर्छ । तर, अधिकांश लोकतान्त्रिक मुलुकले अपनाउने बजेट संसदीय नभई कार्यकारी प्रकृतिको हुन्छ, परिणामतः संसद् कार्यकारी प्रक्रियाको जानकारी लिएर अनुमोदन दिने विधिमा मात्र संसद् केन्द्रित रहन्छ ।

वित्तीय व्यवस्थापन चरणबद्ध क्रियाकलाप हो । बजेट चक्रका सबै चरण जवाफदेहिताका दृष्टिकोणमा उत्तिकै महत्वपूर्ण हुन्छन् साथै अन्तर सम्बन्धित पनि । यी चरणमा प्रभावकारिता लागि कार्यकारी प्रक्रियाका पात्र र त्यस संरचनाभन्दा बाहिरका पात्र दुबैको इमानदार एवम् व्यावसायिक सक्रियता चाहिन्छ । वित्त व्यवस्थापनका यी कार्य व्यवस्थित गर्न संविधानले निर्धारण गरेको आर्थिक कार्यप्रणाली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले विशेष प्रावधान राखेका छन् । जसअनुरूप साधन अनुमानमा स्रोत समितिले गर्ने समष्टिगत आर्थिक विश्लेषणदेखि मार्गदर्शन तयारी र बजेट सीमा विभाजनसम्मका कार्य सम्पादन गरिन्छन् ।

बजेट सीमा र मार्गदर्शन प्राप्तिपछि विषयगत मन्त्रालय/सचिवालयले राष्ट्रिय प्राथमिकता अनुरूप निर्धारित लक्ष्य प्राप्तिका लागि क्रियाकलाप पहिचान गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्छन् । बजेट वार्ता र संसदीय अनुमोदनका केन्द्रबिन्दुमा यिनै क्रियाकलाप रहन्छन् । आम्दानी तथा खर्चका कारोबारको पारदर्शिताका लागि लेखा प्रणालीका मान्य सिद्धान्त उपयोगमा ल्याइन्छ, जसले मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणालीका क्रियाकलापलाई नै केन्द्रबिन्दुमा राख्छन् ।

बाह्य नियन्त्रणको पक्ष संसद्बाट बजेट अनुमोदनपछि शुरु हुन्छ । अनुमोदन प्रक्रियाका आधारमा नेपालको बजेट प्रणाली कार्यकारिणी बजेट हो, जहाँ सरकारले प्रस्तुत गरेको बजेटमाथि आवश्यक जानकारी र नीतिगत छलफल गरी सरकारलाई अख्तियारी दिइन्छ । सरकारले गरेको प्रतिबद्धताको आधारमा नतिजाको आकलन र मूल्याङ्कन संसद्, समिति र संवैधानिक अङ्गले पछि मात्र गर्छन् । संसदीय अनुमोदनको प्रक्रिया निकै औपचारिक र संक्षिप्त हुन्छ । केही अघिबाट शुरु भएको पूर्व बजेट छलफलले संसद्ले बजेट तर्जुमाको सैद्धान्तिक चरणमा पनि प्रवेश पाएको छ । तर, यो समृद्ध भइसकेको छैन । सर्वोच्च लेखा परीक्षण निकायले संसद्को प्राविधिक अङ्गका रूपमा संसदीय अनुमोदनको लेखाजोखा गर्छ । क्षमता, समयसीमा र सूचना व्यवस्थापनका आधारमा बजेटपश्चात्का चरण अपेक्षित रूपमा प्रभावकारी देखिँदैनन् ।

संसदीय व्यवस्थामा वित्तीय जफादेहिता कायम गर्न समिति प्रणाली विकास भएको हो । भनिन्छ 'संसद् त्यसको नाम हो, संसदीय समिति संसद्को काम हो' । किनकि सभाको ठूलो समूह सरकारलाई जवाफदेही बनाउनभन्दा आवेश, आवेश र आग्रहमा काम गर्छ वा औपचारिकतामा अल्झिन्छ । समितिहरू संसद्का तर्फबाट सार्वजनिक स्रोतसाधनलाई जन इच्छा अनुरूप अभ्यास गराउन सरकारलाई सल्लाह दिन, सचेत गराउन र निगरानी गर्न गठन हुने अधिकार सम्पन्न संवैधानिक संयन्त्र हुन् । तर समिति संसद्का क्रियाशील हात र मस्तिष्क बनिसकेका छैनन् ।

सार्वजनिक लेखा समिति सार्वजनिक वित्तीय क्रियाकलाप नियन्त्रण गर्ने संसद्को दहिलो अस्त्र हो । नेपाल, भारत लगायतका मुलुकमा यस समितिको सभापति प्रतिपक्षी दलबाट छान्ने प्रचलन छ, ता कि सरकारी प्रभाव र आग्रहबाट अलग रही वित्तीय साधनको जवाफदेहिता कायम गराउन सकियोस् । कतिपय सन्दर्भमा प्रतीकात्मक काम पनि गर्न सकोस् भन्ने आशय पनि यसले गरेको हुन्छ । प्रतिपक्षी दलको भूमिकामार्फत पनि वित्तीय व्यवस्थापनलाई जवाफदेही बनाउने काम गरिन्छ । संसदीय लोकतन्त्रको सुन्दर पक्ष नै विपक्षी दलले सरकारका काममाथि नियन्त्रण र निगरानीको निरन्तरता दिनु हो । शक्तिमा रहेको दलबाट साधन, स्रोत र शक्तिको दुरुपयोग हुन नपाओस् भनेर नै प्रमुख प्रतिपक्षी दललाई विशेष महत्व दिइन्छ । भन्ने गरिन्छ, सरकार सत्तासीन दलको हो तर सदन प्रतिपक्षको । प्रतिपक्षी सांसदहरू आलोचना, सुझाव, छलफल, पहरेदारी, प्रश्नोउत्तर, स्पष्टीकरण र कार्यसूची माथि नियन्त्रणका विधिमार्फत सरकारलाई जवाफदेही बनाउन क्रियाशील हुन्छन्, बजेटमा जनभावना प्रतिविम्बित गराउन, नियोजनमा न्याय कायम गर्न र प्रादेशिक सन्तुलन लागि निगरानी राख्छन् ।

संसद् र संसदीय समिति र विपक्षी दलले विभिन्न विधि र संयन्त्रमार्फत सार्वजनिक वित्तीय क्रियाकलापको जवाफदेहिता विस्तारमा लाग्दै आए पनि धेरै पक्षमा सुधारको बाटो बाँकी छ । संविधानमा कानूनले अन्य व्यवस्था नगरेसम्म नेपाल सरकारलाई प्राप्त हुने सबै प्रकारका राजश्व र प्राप्तिहरू सङ्घीय सञ्चित कोषमा दाखिला हुने व्यवस्था छ । यसले सबै प्रकारको वित्तीय कारोबारमा संसदीय स्वीकृति खोजेको छ । तर, संवैधानिक आशय विपरीत विशेष कोषहरू स्थापना हुने र संसदीय परिधिबाट बाहिर रहने प्रवृत्ति बाँकी नै छ । यस्ता कोषहरू संसदीय प्रक्रिया (स्वीकृति, लेखा परीक्षण र निगरानी)भन्दा पर छन् ।

संविधानले सङ्घीय आकस्मिक कोषको व्यवस्था गरी विपत् व्यवस्थापन लगायत आकस्मिक कार्यमा खर्च गर्न सरकारलाई निर्देश गरेको छ । तर, आकस्मिक कोष त्यति क्रियाशीलतामा देखिँदैन र विभिन्न नाममा विपद् व्यवस्थापन कार्यका लागि कोषहरू सञ्चालनमा छन् । संविधान र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले राजस्व बाँडफाँट र विभाज्य कोषको व्यवस्था गरेको छ । अन्य विभाज्य कोषको सञ्चालनमा स्पष्टता भए पनि पर्वतारोहण तथा वनजन्य आयको विभाज्य कोष व्यवस्थित भइसकेको छैन । संविधान तथा ऐनको भावना अनुरूप स्रोत सङ्कलन तथा विभाज्य कोष व्यवस्थापनका सन्दर्भमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अनुगमन र संसद्को निगरानी सक्रियता भएमा सङ्घीयताको भावना अनुरूप विभाज्य कोषको व्यवस्थापन हुने थियो ।

नेपालको नाममा विभिन्न गैरसरकारी संस्था तथा बहुराष्ट्रिय निकायबाट परिचालित हुने साधनहरू संसदीय जानकारी र सर्वोच्च लेखा परीक्षण निकायको परीक्षणबाट पर छन् । कतिपय संस्था सरकारसँग सैद्धान्तिक सम्झौतामा आएका छन्, तर बजेट बाहिर छन्, कतिपय त जानकारी र प्राथमिकताभन्दा बाहिर छन् । साझेदार नेपाल भित्रिनुअघि नै आफ्नो डेलिभरी च्यानल निर्धारण गरिसकेका हुन्छन् । यसरी ठूलो धनराशि मुलुकको हितका लागि भनी मुलुकमा भित्रिए पनि जवाफदेहिता, पारदर्शिता र प्रणालीभन्दा बाहिर रहनु उचित होइन । संसद् र संसदीय समितिले यसमा आफ्नो सक्रियता विस्तार गर्नुपर्छ ।

भ्रष्टाचारका कारण व्यक्तिगत, आन्तरिक र बाह्य धेरै छन् । एउटा कारण बहुर्राष्ट्रिय कम्पनीको विस्तार पनि बन्दैछ । बहुर्राष्ट्रिय कम्पनीले कमजोर अर्थतन्त्र भएका र कमजोर वित्तीय प्रणाली भएका मुलुकमा विभिन्न स्वरूपमा लगानी, व्यापार, नेटवर्कहरू विस्तार गरिरहेका छन् । यसले प्रत्यक्ष र वित्तीय नीति विषयमा पारेको प्रतिकूल प्रभावका विषयमा अहिलेसम्म हेरिएको छैन । आर्थिक वर्ष भुक्तान भएपछि मुलुकको समस्त आर्थिक गतिविधिको जानकारी जनता र उनीहरूका सार्वभौम वारेस संसद्ले जानकारी प्राप्त गर्नुपर्छ । तर, नेपालमा मौजुदा अवस्थामा सरकारको आम्दानी र खर्चमात्र एकमुष्ट केन्द्रीय हिसाबको रूपमा प्रस्तुत गरिन्छ । लेखाको मान्य सिद्धान्तले आयव्यय, सम्पत्ति, सिर्जित सम्पत्ति, दायित्व आदि सबैको एकमुष्ट विवरण प्रस्तुत गरिनु पर्छ ।

सार्वजनिक वित्त व्यवस्थापनमा सरकारका सबै अङ्ग, संरचना र गैरबजेटरी निकायको पूर्ण हिसाब व्यवस्थापन हुनेगरी 'होल अफ दी गर्भन्मेन्ट' विवरण तयार पार्ने काम भइसकेको छैन । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले विभागीय मन्त्री, सचिव र जिम्मेवार व्यक्तिका कामहरू स्पष्ट उल्लेख गरेको तर सो अनुरूप आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित छन् । महालेखा नियन्त्रक कार्यालय २०७७ लेखी क्रियाकलापमा आधारित लेखा प्रणाली लागू गरेको छ, राजश्व र सम्पत्ति लेखामा आधुनिक प्रणाली लागू गरेको छ ।

भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न बैङ्क तथा सेवाप्रदायक डिजिटल वालेट्ससँग सहकार्य गरिरहेको छ । यी सबै प्रणाली डिजिटल आधारमा सञ्चालित छन् । यसले संस्थागत स्वरूप प्राप्त गर्दा भनिएको समयमा भनिएको विवरण प्राप्त गर्न सकिन्छ, जुन वित्त नीति-निर्माणको आधार हो । तर यी प्रणालीमा जोखिम बढेर गएको छ । जोखिम व्यवस्थापनको पक्षमा संसद्, संसदीय समिति र सर्वोच्च लेखा परीक्षण निकायले प्रोत्साहन र निगरानी गर्नु आवश्यक छ । नागरिक बजेटको अवधारणा अवलम्बन र यसका लागि चाहिने आधारशीला स्वयं संसद् र संसदीय समितिले सिर्जना गरी बजेटलाई नीति कार्यक्रम धैर्यताको संयन्त्र बनाउन भूमिका खेल्नु पर्छ । गोप

cfh ljZj l;d;f/ lbj ;

जलवायु परिवर्तनका कारण सिमसार क्षेत्र अतिक्रमण हुनेक्रम बढिरहेका बेला यसको संरक्षणमा जोड दिंदै आज फेब्रुअरी २ तारिकका दिन विश्व सिमसार दिवस मनाइँने गरिएको छ ।

विश्वको पर्यावरण र जलाधार निम्ति सिमसारको भूमिका अत्यन्त महत्वपूर्ण मानिन्छ । मानिस र प्रकृतिका लागि सिमसार बचाउने कदमहरूका रुपमा सिमसार क्षेत्रहरुको जगेर्ना भन्ने नाराका साथ सन् २०२३ को 'विश्व सिमसार दिवस' मनाइँदैछ । समुन्द्रले नछोएको भू-परिवेष्टित देश भए पनि नेपाल जलश्रोतमा सम्पन्न मानिन्छ । हामीसँग नदीनाला, ताल तलैया अनि कुवा, पोखरीसहित पानीको मात्रा धेरै छ ।

सिमसार भनेको के हो ?

सिमसार भन्नाले पानी र जमिन मिश्रित दलदल भएको भू-भाग हो । जुन थलो ओसिलो र धापिला हुन्छ । अर्थात् बाह्रैयाम पानी नसुक्ने भूमि हुन् । जसमा सामान्यतया दलदल या हिलो सधैं कायम रहन्छ । खासगरी सिमसार बनस्पतिका आकर्षक भूमि र पंक्षीका निम्ति आश्रय थलो मानिन्छ भने पानीको आधारदेखि जलाधारका स्रोत पनि । यस्ता सिमसार क्षेत्रहरूमा दुर्लभ चरा-चुँरुङ्गीहरुको पनि वासस्थान मानिन्छ ।

राष्ट्रिय सिमसार नीति २०५९

राष्ट्रिय सिमसार नीति २०५९ अनुसार, नेपालको तराईका सिमसार क्षेत्रहरूमा मात्रै ३२ प्रजातिका स्तनधारी जनावर, चार सय ६१ प्रजातिका चराहरू (जसमध्ये १५ प्रजाति दुर्लभ श्रेणीका), नौ प्रजातिका कछुवा, २० प्रजातिका सर्प र २८ प्रजातिका माछा पाइन्छन् । हाम्रै वरपर अनि परिवेशभित्र रहेका कति सिमसार क्षेत्रहरूमा घर या कारखाना खोलिए होलान्

? प्लटिङ गरेर जग्गा तयार गरिँदै होलान् या अन्य प्रयोजनमा अतिक्रमण भए होलान् ? वास्तवमा भन्ने हो भने मानवीय विकासक्रम अनि पूर्वाधारहरूको अविवेकी विकास क्रमले नेपालमा सिमसार क्षेत्र नासिने दुष्चक्रमा परेका छन् ।

यस्ता सिमसार क्षेत्र हेर्दा अत्यन्त ओसिलो र दलदल भएकाले उत्तिकै मनमोहक र सुलभ नदेखिन सक्छन् । यस्तै सिमसार क्षेत्रहरूका जीवहरू, वनस्पति एवम् माटोको संरचनाले पृथ्वीको फोहोर पानी र मिसिएका रसायनहरूलाई छानेर सफा र स्वच्छ बनाइदिने भएकाले यी क्षेत्रहरूलाई पृथ्वीको मिर्गौला पनि भनिन्छ ।

मिर्गौलाकै राम्रो संरक्षण गर्न नसकेमा पृथ्वी अनि यसमा बस्ने हाम्रो अस्तित्व कत्तिको सहज हुन्छ । विचार गरौं । सिमसार क्षेत्र पर्यावरण, औषधि र कन्दमूलमा उपयोगी मानिन्छन् । अझ सिमसार क्षेत्रमा बच्चा कोरल्न रुसको साईबेरियादेखि चराहरु आइपुग्छन् भन्ने अध्ययनहरूले देखाएको छ । यसका अतिरिक्त सिमसारले बाढी, पहिरो, अतिवृष्टि अनि अनावृष्टिलाई पनि प्राकृतिक सुरक्षण प्रदान गर्छ । करिब तीन अर्ब संसारका जनसंख्याहरूले खाने चामल यसै सिमसार क्षेत्रका दलदले माटोहरूले उत्पादन गर्छन् । सिमसारको नष्ट गर्नु भनेको संसारले भोकमरीलाई निमन्त्रणा गर्नु जस्तै भयावह छ ।

विश्व रामसार सूचीमा दर्ता भएका नेपालका १० वटा सिमसार

विश्व रामसार सूचीमा नेपालका १० वटा सिमसार दर्ता भएका छन् । इलामको माईपोखरीसहित कैलालीको घोडाघोडी ताल, रारा ताल, कोश टप्पु वन्यजन्तु आरक्ष, बीसहजारी ताल, जगदीशपुर जलाशय, से फोक्सुन्डो ताल अनि पोखरा नगरीका नौ वटै तालहरू सिमसार क्षेत्रका जाज्वल्यमान दृष्टान्त हुन् । हाम्रै पुराना अध्ययनहरूले नेपालमा ठूला-साना गरी चार हजार नजिक सिमसार क्षेत्र छन् ।

यी महत्वपूर्ण सिमसारको विश्व स्तरमै संरक्षण गर्न सन् १९७१ मा जल पंक्षीको वासस्थान सम्बन्धी सिमसार (राम सार) महासन्धि भएको थियो । यो महासन्धिमा १६९ देशहरू सामेल भएका छन् । नेपाल भने औपचारिक रूपमा सन् १९७१ मा उक्त महासन्धिको सदस्य भएको हो ।

त्यस अतिरिक्त सरकारले 'सिमसार बुद्धिमत्तापूर्ण' ढङ्गले प्रयोग गर्ने नीति सार्वजनिक गरिसकेको छ । सरकारी नीति अनुरूप, मानव जातिको हितका लागि पारिस्थितिक प्रणालीका प्राकृतिक सम्पदाको जगेर्ना गर्न सिमसारको बुद्धिमत्तापूर्ण र दिगो प्रयोग गर्नुपर्दा राम सारमा सूचीकृत वा अन्य सिमसार क्षेत्रहरूको संरक्षण र व्यवस्थापन बुद्धिमत्तापूर्ण प्रयोग गर्ने तौर तरिका लागू हुनेछ । सिमसारमा आश्रित सङ्कटापन्न जीवजन्तु, जलचर, सापेक्षिक जङ्गली जनावर तथा अन्य जल आश्रित आनुवंशिक स्रोतको संरक्षण गरिनेछ ।

पृथ्वीका धेरैजसो सिमसार क्षेत्रहरू लोप हुने क्रममा छ । यस्ता अधिकांश सिमसार क्षेत्रहरू एसियामा पर्छन् । नेपालले पनि सिमसार क्षेत्रको महत्व आत्मसात् गर्दै २०५९ सालमा जारी गरेको सिमसार संरक्षण नीतिलाई २०६९ सालमा परिमार्जन र स्वीकृति दियो । त्यसमा सिमसार र त्यसको वरपर स्रोत संरक्षण गर्न 'सिमसार कोष' स्थापना गर्ने नीति पनि अघि सारेको थियो । नीति अनुरूप राष्ट्रिय स्तरमा समन्वय गर्न सचिव स्तरमै कार्यदल व्यवस्था पनि छ । तथापि सिमसार क्षेत्रहरू जोखिममै छन् ।

आउँदो पुस्तालाई एउटा सफा अनि सुरक्षित संसार दिएर जानु हाम्रो कर्तव्य होइन र ? कानूनको दायरा फराकिलो पार्दै यस्ता दोहन कार्यमा संलग्नहरूलाई कानूनी सजायको दायरामा ल्याउन जरुरी छ । पृथ्वीको संरक्षण जरुरी छ, नत्र मानव समुदायको अस्तित्व सङ्कटमा छ । तपाई-हामी आफै सिमसार क्षेत्रको संरक्षण गर्न अघि बढ्न जरुरी छ ।

झापाका प्रजिअ तथा सुरक्षा प्रमुखहरुसँग अन्तरक्रिया

बिर्तामोड, माघ १८। झापाका प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलले जिल्लामा शान्ति सुरक्षा तथा सुशासन कायम राख्न नागरिक समाज र निजी क्षेत्रको महत्वपूर्ण भूमिका हुने बताएका छन् ।

बुधवार बिर्तामोडमा आयोजित एक अन्तरक्रियामा बोल्दै प्रजिअ पोखरेलले सरकार, नागरिक समाज र निजी क्षेत्रको समन्वय राम्रो भएमा सुशासनको अवस्था मजबुत हुने बताए । संवाद समूह झापाको संयोजनमा भएको अन्तरक्रियामा प्रजिअ पोखरेलले झापामा रेलवे प्रभावितहरुको मुआब्जाको समस्या, चिया क्षेत्रको समस्या, मेची प्रादेशिक अस्पतालको सेवा सुधार लगायतका जिल्लाका मुख्य समस्यामा आफू गम्भीर रहेको र समाधानका लागि अधिकतम् पहल गर्ने बताए ।

सहायक प्रमुख जिल्ला अधिकारी रुद्र न्यौपानेले जिल्ला प्रशासनको सूचना संयन्त्रमा सुधार गर्ने, बजार अनुगमनलाई प्रभावकारी बनाउने बताउँदै लागूऔषध, मिटरब्याजी, वैदेशिक रोजगारीमा हुने ठगी लगायतका विषयमा बताएका थिए ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक दुर्गाराज रेग्मी, सशस्त्र प्रहरी बल नेपाल २ नं. गण झापाका सशस्त्र प्रहरी उपरीक्षक देवराज अर्याल, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका उपअनुसन्धान निर्देशक तुलसीराम प्रसाईंले जिल्लामा नागरिक समाज र सञ्चार क्षेत्रसँग समन्वय गरेर काम गर्ने बताए ।

त्यसैक्रममा संवाद समूहका सदस्यहरु राप्रपा झापाका अध्यक्ष केशवप्रसाद ओझा, नेकपा माओवादी केन्द्रकी केन्द्रीय सदस्य लक्ष्मी न्यौपाने सरु, जसपा झापाकी उपाध्यक्ष संगीता रौनियार, रेडक्रस झापाका सभापति लोकराज ढकाल, एबीसी नेपालकी जिल्ला अध्यक्ष कञ्चना ढकाल लगायतले जिल्लामा संवाद समूहले गरिरहेको काम, अभ्यास र संवाद संस्कृतिको बारेमा बताएका थिए । उनीहरुले जिल्लाका समसायिक सवालका बारेमा समेत कुरा राखेका थिए ।

पत्रकारहरु दिपीन राई, सावित्रा दाहाल, मुक्ति पौडेल, इन्द्रसिंह राजवंशी, लीला अनमोल, विनोद पाण्डे लगायतले विभिन्न सुझाव राखेका थिए ।

प्रजिअ पोखरेलसहित झापामा विभागीय जिम्मेवारी सम्हाल्न भर्खरै आएका सुरक्षा निकायका प्रमुखहरुलाई स्वागत सम्मानसहित कार्यकाल सफलताको शुभकामना व्यक्त गरिएको थियो ।

लागूऔषधबिरुद्ध सचेतना

कमल, माघ १८। कमल नगर जेसीजले देशभर प्रमुख समस्याको रुपमा रहेको लागूपदार्थको सेवन र ओसारपसार सम्बन्धित विषयलाई मध्यनजर गर्दै सचेतनामूलक कार्यक्रम गरेको छ ।

कमलनगर जेसीजले आयोजना गरेको कार्यक्रम विशेषगरी युवापुस्ताहरुलाई लक्षित गरिएको थियो । गौरीगञ्ज गाउँपालिका- ५ को फत्तेपुरको सीमा क्षेत्रमा गरिएको कार्यक्रममा कमलनगर जेसीज वर्ष २०१८ का अध्यक्ष तथा कमल गाउँपालिकाका वडाध्यक्ष केदार कट्वालले प्रदेश नं. १ मा अझ लागूपदार्थ सेवन र ओसारपसार विकराल रुपमा बढ्दै गएकोले यसको सेवनले भविष्यमा युवापुस्ताहरु समाज र देशको लागि असक्षम हुने भएकाले युवाहरु आफू पनि लागूपदार्थ सेवनबाट टाढा रहेर सचेत नागरिक भएर यसलाई न्यूनीकरण गर्नतर्फ लाग्नुपर्ने बताए ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय केर्खाका प्रहरी नायव निरीक्षक सुवास मिश्रले लागूपदार्थको सेवनले दैनिक जीवन, आर्थिक पक्ष, स्वास्थ्य माथि नराम्रो असर पर्ने भएकोले यसको सेवन नगर्न आग्रह गरे ।

उनले पक्राउ गरिएका लागूपदार्थ दुर्व्यसनीसँग सोधपुछ गर्दा धेरैजसो सीमा क्षेत्रबाट लागूऔषधको ओसारपसारको कारोबार हुने भएकोले यदि त्यस्ता शंकास्पद व्यक्ति देखिएमा प्रहरीलाई जानकारी गराएर एउटा असल नागरिकको दायित्व पूरा गर्न आग्रह गरे । लागूऔषध सेवनकर्ताले सेवन गर्न विभिन्न अपराधिक घट्ना घटाउने भएकाले यसलाई न्यूनीकरण गर्न समुदायका सबैजना सजग रहनुपर्ने बताए ।

यदि कोही व्यक्तिहरु लागूपदार्थ सेवन गर्ने वा ओसारपसार गरेर त्यसको बिक्रीवितरण गर्ने कार्य गर्दै आएका व्यक्तिहरु बारे थाह भएमा सिमामा रहेका सुरक्षाकर्मी, अभिभावक, समाजका बुद्धिजीवीले पनि त्यस्ता व्यक्तिहरुलाई खबरदारी गर्ने जनचेतना जगाउने कार्य गर्न सकेमा यसलाई न्यूनीकरण गर्न सकिने मिश्रले बताए ।

गौरीगञ्ज गाउँपालिकाकी उपाध्यक्ष पुजन न्यौपाने खुल्ला सिमानाका कारण पछिल्लो समय लागूऔषधको कुलतमा युवायुवती फस्ने गरेको भन्दौ जसका कारण समाज बिग्रदै गएकोले सबै मिलेर यसलाई न्यूनीकरण गर्नुपर्ने बताइन् ।

इलाका प्रहरी कार्यालय गौरीगञ्जका प्रमुख जितेश दाहालले लागूपदार्थ सेवन तथा ओसारपसारका कार्यलाई नियन्त्रण गर्न ब्यूरो पनि खडा गरेको जानकारी दिँदै यस कार्यलाई नियन्त्रण गर्न प्रहरी कडा रुपमा लागीपरेको बताए ।

प्रदेश नं. १ लागूऔषधका लागि रेडजोनमा परेको बताउँदै पछिल्लो समयमा झापा लागूऔषधको लागि पहिलो नम्बरमा रहेकोले जनसमुदायहरुले पनि यस कुरामा चासो दिनुपर्ने, समुदायमा लागूऔषध सेवन गर्ने कोही व्यक्ति बारेमा आफू जानकार भएमा प्रहरीलाई सूचना दिनअघि बढेमा मात्र यसलाई न्यूनीकरण गर्न सकिने दाहालले बताए ।

त्यस्तै, गौरीगञ्ज गाउँपालिका-५ का वडाध्यक्ष विजयसिंह गनगाँई, ईलाका प्रशासन कार्यालय गौरीगञ्जका कार्यालय प्रमुख चुडामणि आपागाँई, कमल नगर जेसीज वर्ष २०२० का अध्यक्ष हेम दाहाल, वर्ष २०२२ का अध्यक्ष नारायण बस्नेत, कमल उद्योग वाणिज्य संघका महासचिव युवराज पाठक, लायन्स क्लव अफ गौरीगञ्जका अध्यक्ष अर्जुन दंगाल, उद्योग वाणिज्य संघ गौरीगञ्जका अध्यक्ष मखना महतो, सशस्त्र सिमाबल फत्तेहपुरका असई गुरुप्रसाद दास लगायत स्थानीयबासीहरुको उपस्थिति रहेको थियो ।

कमल नगर जेसीज वर्ष २०२३ अध्यक्ष रिजु कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा कोषाध्यक्ष कमला दाहालले आस्था वाचन गरेकी थिइन् । त्यस्तै कार्यकारिणी उपाध्यक्ष तीर्थ पौड्यालले स्वागत गरेको कार्यक्रमको सञ्चचालन महासचिव हरि अधिकारीले गरेका थिए ।

सुत्केरीलाई पौष्टिक खानेकुरा कोसेली

झिलझिले, माघ १८। शिवसताक्षीमा सरकारले तोकेको स्वास्थ्य संस्थामा नियमित स्वास्थ्य परिक्षण गर्ने सुत्केरी आमा र नवजात शिशुलाई पोषणयुक्त खानेकुरा तथा न्यानो कपडा उपहार दिइएको छ ।

शिवसताक्षी नगरपालिका वडा नम्बर ८ ले वडामा यो कार्यक्रम पहिलो पटक लागू गरेको हो । आ.व.२०७९/०८० को वडा सिलिङ बजेटबाट वडामा यो कार्यक्रम लागू गरिएको वडासचिव पुष्पलाल पाण्डेले बताए । वडा कार्यपालिकामा कार्यक्रमको आयोजना गर्दै वडाध्यक्ष सन्तकुमार फेउदिनले 'सुत्केरी आमा तथा नवजात शिशु पोषण' कार्यक्रमको शुरुवात गरे ।

नवजात शिशु एवम् गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य बुझ्नका लागि वडा कार्यपालिकाले वडाभित्रका स्वास्थ्यकर्मीहरू वडामा परिचालित गरेको थियो । वडासदस्य विवेक दोर्जे थिंङ, ज्ञानप्रसाद लुइँटेल, रीता तामाङ र टीकामाया विक सुत्केरी आमाको लगत संकलनका लागि वडाका टोलटोलमा पुगेका थिए ।

वडाभित्रको नागरिक, जन्मिएको ३५ दिनभित्र जन्मदर्ता, सरकारले तोकेको स्वास्थ्य संस्थामा सुरक्षित सुत्केरी भएकी आमा र गर्भावस्थामा वडाभित्रकै सामुदायिक स्वास्थ्य संस्थामा नियमित स्वास्थ्य परीक्षण गरेका सुत्केरी आमाले वडाबाट यो सुविधा पाउने छन् । अन्यले नपाउने वडाध्यक्ष फेउदिनले बताए । वडाले यो कार्यक्रमका लागि आर्थिक वर्ष ०७९/०८० का लागि तीन लाख बजेट विनियोजन गरेको छ ।

वडाले एक थान ब्ल्याङ्केट, एक केजी मौरीको मह, बेबी सुट, पोषणयुक्त खानेकुरा, नौनीघ्यु, र आयुर्वेदिक शतावरी चुर्ण दिएको छ । वडाध्यक्ष फेउदिनले २६ जना आमालाई पोषणयुक्त खानेकुरा र न्यानो कपडा दिए । अन्यलाई घरघरै पुगेर प्रदान गरिने उनले बताए ।

यो कार्यक्रम शुरु भएपछि तोकिएको समयमा नियमितरुपमा गर्भ परीक्षण गराउने, स्वास्थ्य संस्थामै सुरक्षित प्रसूति हुने तथा बच्चा र आमाको पोषण सुधारमा सहयोग पुग्ने वडाध्यक्षको ठम्याई छ ।

कर्मचारी आवश्यकता

होटल होलीडे होम बिर्तामोडलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

पद

सिनियर वेटर : ४ जना (महिला/पुरुष) **योग्यता :** ३ वर्षदेखि ५ वर्षको अनुभव भएको हुनुपर्नेछ ।

फ्रन्ट अफिस सुपरभाइजर : ३ जना (महिला/पुरुष)

(३ देखि ५ वर्षको अनुभव भएको हुनुपर्नेछ । एचएम पढेकोलाई प्राथमिकता दिइनेछ ।)

हाउस किपिङ्ग सुपरभाइजर : ३ जना (महिला/पुरुष) (तीन वर्षको अनुभव भएको हुनुपर्नेछ ।)

किचन हेल्पर : २ जना (पुरुष)

सम्पर्क : **होटल होलीडे होम**, बिर्तामोड, झापा
फोन नं. ०२३-५३६२५८, ९८५२६३०३९२, ९८१७०३०३९२

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra

पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक

9825927477 / 9806090781
9849504771 / 9842695884

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

कर्मचारी आवश्यकता

यस कार्यालय सञ्चालन र व्यवसाय बिस्तारको लागि केही कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

पद

P.R.O. : ५ जना
Accountant : २ जना
योग्यता : SEE पास
तलब : १४२००-१८६००।- सम्म
सम्पर्क : **गोल्डेन जर्नी**
शाखा कार्यालय चारआरी, झापा
फोनः- ९८२४०५८९८६, ९८६९३८३८९६
सुरुङ्गा फोनः ९७४५८६१७५०, ९८२५३५८७९६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

श्री भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापाबाट बुद्धशान्ति-२ बस्ने कोशिला नेपालको शेषपछिको हकदारका नाममा जारी गरिएको नामसारी हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला झापा बुद्धशान्ति-२ बस्ने माधब नेपालको पत्नी कौशिला नेपालको मृत्यु भएको, निजको शेषपछिको हकदार पति माधव नेपालको पनि मृत्यु भइसकेको निजहरुबाट कुनै पनि बालबच्चाहरुको जाय जन्म नभएकाले पतीको मृत्युपश्चात पतितर्फ कोही नभएकाले मामलीतर्फ गई मामा बचश्पति आचार्यको छोरा एकाघरको मामली भाई डिल्लीराम आचार्यसँग बसिआएको निज मृतक कौशिला नेपाल जिवित रहँदा पालनपोषण हेरचाह औषधी उपचार तथा मृत्यु पश्चात काजकिरिया समेत भाई डिल्लीराम आचार्यले नै गरेकाले मृतक जग्गा धनि कौशिला नेपाल समेतको नाममा दर्ता रहेको बुधबारे-४ को कि.न. २२९९ को ज वि ०-२-१० जग्गा एकलौटी नामसारी गरिपाउँ भनि बुद्धशान्ति-२ को च. न. १५१५ मिति २०७९/१०/१० को सिफारिससहित यस कार्यालयमा निवेदन पेश गरेको हुँदा मृतक कौशिला नेपालको शेषपछिका हकदारमा निवेदक डिल्लीराम आचार्य बाहेक अरु कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदावीको निवेदन पेश गर्नुहोला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

बिमालेख हरायो

अर्जुनधाराबाट बिर्तामोड आउने क्रममा यही मिति २०७९/०९/०१ गते मेरो निम्न व्यहोराको लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लि. को पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- शिवमाया उपरकोटी सार्की
हाल ठेगाना:- अर्जुनधारा-२, झापा
सार्विक : खुदुनाबारी-४, झापा
पोलेसी नं.:- २००००९२००
कम्पनी नाम: लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लि.
सम्पर्क: ९८२५९६३८९८

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -
पती-पत्नीबीच थोरै वादविववाद बढ्न सक्छ, समयमै विचार पुऱ्याउनुहोला, सन्तान पक्षबाट सुख मिल्नेछ, सतर्क रहनुहोला ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, कुरा काट्नेहरू बढेर जानेछन्, सजग रहनुहोला

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउनेछ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
आजको दिन मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, तपाईलाई सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
कार्यसिद्धी हुने दिन रहेको छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्य तथा भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
दिन सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, सतर्क रहनुहोला ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, आज घुँडा तथा ढाडमा समस्या आउन सक्छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
दिन शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, आज धार्मिक गतिविधि पनि बढेर जानेछ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।